# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१२।२७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।१२।२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी विजयकान्त झा (वि.अ. को मु.नं. ०७५-cr-०३२४), वि.अ. को फैसला मिति २०८०।०४।१४) | सार्वजनिक सम्पत्ति हिनामिना_गरी भ्रष्टाचार गरेको। | प्रतिवादी विजयकान्त झा उपर बिगो रु.६३,०१,७७१।४६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१)(छ) बमोजिम सजाय हुन तथा ऐ.ऐनको दफा १७ बमोजिम बिगो रकमसमेत असुल उपर हुन। | **<u>फैसलाः</u>**<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) (छ) बमोजिम कसूरको मात्रा अनुसार ४ वर्ष कैद र विगो रु.२६,१८,१४५।- जरिवाना।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u>**<br>• प्रतिवादीले आफ्नो नाउँमा र अन्य व्यक्तिको नाउँमा पेश्की दिएको रकम तोकिएको प्रक्रिया पुरा गरी फछ्यौंट गर्न वा कानुनबमोजिम फरफारक गर्न वा असुलउपर गर्न सकिने नै देखिँदा त्यस्तो रकमलाई हिनामिना गरेको भनी भ्रष्टाचारको कसूर कायम गर्न मिल्ने नदेखिएको,<br>• पिपरा सिमरा गाउँ विकास समितिको खर्च प्रतिवादीले गरेकोमा विवाद नदेखिएको। कानुनी प्रक्रिया पुर्याएर खर्च गर्ने र खर्चका विल भरपाईहरु र स्रेस्ताहरू दुरूस्त राख्ने कानूनी दायित्व पनि प्रतिवादीको भएकोमा विवाद नदेखिएको।प्रतिवादीले खर्च गरेको स्रेस्ता हेर्दा सम्बन्धित गोश्वारा भौचर रहेको फायलमा संलग्न गरेको नदेखिएको,<br>• लेखापरीक्षक, स्थलगत अनुगमन गरी प्रतिवेदन दिने प्रतिवेदक, अन्य प्रतिवेदक, उजूरीकर्ता समेतले आफ्नो मौकाको कागज व्यहोरा तथा उजूरी व्यहोरा समर्थन हुने गरी अदालतसमक्ष वकपत्र गरेको र<br>• आ.व.२०६५/०६६, आ.व. २०६६/०६७, आ.व. २०६७/०६८ मा जम्मा रु.८,२९,०३०।०० रकम बुझेको भरपाईमा रकम बुझ्नेको महलमा लगाइएको औठाछाप एक आपसमा भिडेको भनी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनमा उल्लेख भएको | • निज प्रतिवादीले आ.व.२०६५/०६६ देखिको रकम हिनामिना गरेको सन्दर्भमा प्रतिवादीले हालसम्म करिब १५(पन्ध्र) वर्षको समय व्यतित भई सक्दा समेत त्यता तर्फ कुनै पहल नै गरेको नदेखिएको र कही कतैबाट कारवाही भएको वा पेश्की फछ्यौंट गराउने वा असुल उपर गराउने कार्य भएको नदेखिएको,<br>• सम्मानित अदालतबाट पेश्कीको विषय भ्रष्टाचार होइन भन्ने फैसला हुँदा मनसायपूर्वक सार्वजनिक सम्पत्तिको हिनामिना हानीनोक्सानी गर्ने राष्ट्रसेवकलाई आफैंले वा अन्य कुनै व्यक्तिलाई आवश्यकता र औचित्य बेगर नै पेश्की रकम लिने/दिने र फछ्यौंट नगरी हिनामिना भरी भ्रष्टाचारजन्य कार्य गर्नेलाई प्रोत्साहन प्राप्त भएको अवस्था तमाम मुद्दाहरुबाट देखिएको,<br>• **कुनै राष्ट्रसेवक वा व्यक्तिउपर यस ऐन अन्तर्गत मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर नेपाल सरकार वा सार्वजानिक संस्थालाई पुग्न गएको हानिनोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन**[1] भन्ने कानूनी व्यवस्था समेत रहेको,<br>• <u>नेपाल सरकार विरुद्ध प्रतिवादी बलिराम दास कथवनियासमेत भएको सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दामा</u> **भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाइद्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुर्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने** [2]। भनि सिद्धान्त प्रतिपादन भएको। प्रस्तुत मुद्दामा समेत प्रतावादीले विभिन्न आर्थिक वर्षको रकम अनियमित तवरबाट खर्च गरेको, खर्च गरेको रकमको कुनै लेखाङ्कन तथा स्रेस्ता नराखेको, पेश्की वापतको रकम शोधभर्ना गर्ने तर्फ कुनै पनि पहलकदमी लिएको देखिन नआएको अवस्थामा निज प्रतिवादीको दूषित मनसाय रहेको पुष्टी हुन आएको। |

1 भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५९

2 ने.का.प. २०७६, अंक ३ , नि.नं.१०२०८